नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

# प्रतिलिपि अधिकार बुलेटिन
## Copyright Bulletin

सूचना तथा सचेतनाका लागि

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको चौमासिक प्रकाशन

जि. प्र. का. द. नं.: ०४७/०६३/६४

असार ३१, २०७० | Volume 7, Issue 21 | July 15, 2013

## यस भित्र

विश्व बौद्धिक सम्पत्ति दिवस २०१३.........२
प्रतिलिपि अधिकार कानून कार्यान्वयन सम्बन्धी गोष्ठी .............................. ३
पुस्तक प्रदर्शनीमा प्रतिलिपि अधिकार सम्बन्धी प्रचार................................. ३
हस्तकला र बौद्धिक सम्पत्ति..................४
प्रतिलिपि अधिकार नीति मस्यौदा सम्बन्धमा गोष्ठी .................................४
प्रस्तावित प्रतिलिपि अधिकार नीति, २०७० ....................................५
विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस..७
संगीत उत्पादक समाज गठन...................७
सम्पादकीय ...................................... ८
रचना दर्ता विवरण........................... ८

सम्पादक समूह :

प्रधान सम्पादकः बिसु कुमार के.सी.

सम्पादक : माधवप्रसाद सुवेदी

डिजाइन तथा कम्प्युटर

रत्नकाजी महर्जन

दिपेन्द्र कक्षपती

www.nepalcopyright.gov.np

यदि तपाईंसँग बौद्धिक सम्पत्ति, प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकारका विषयमा कुनै कानूनी वा अन्य जिज्ञासा भएमा आफूलाई लागेका प्रश्नहरु हामीलाई लेखी पठाउनुहोला । यस बुलेटिनका आगामी अङ्कहरुमा तपाईंका प्रश्नहरुको उत्तर दिने प्रयास गर्नेछौं ।

धन्यवाद ॥

# सचेतना र क्षमता विकास सम्बन्धी राष्ट्रिय कार्यशाला

नेपालको बौद्धिक सम्पत्ति अधिकार व्यवस्थाको विकासमा विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) ले निरन्तर सहयोग गरी आएको छ । सो संस्थाको सहयोग विशेषतः बौद्धिक सम्पत्ति अधिकार सम्बन्धमा सचेतना बढाउने, कानून कार्यान्वयन र व्यवस्थापनका लागि क्षमता बढाउने, कानूनी तथा प्रशासनिक संरचना तयार पार्ने आदि क्षेत्रमा केन्द्रित रहेको छ । यसै क्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय तथा विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) को आयोजना तथा जापान कपिराइट अफिस (JCO) को सहयोगमा "National Workshop on Awareness and Capacity Building" विषयक एक दिवसीय कार्यशाला जुलाई ३, २०१३ तद्नुसार




२०७० आषाढ १९ का दिन काठमाडौंमा सम्पन्न भयो । कार्यक्रम सञ्चालनका लागि WIPO, Copyright Development Division बाट Director Mrs. Gao Hang र Program Officer Mr. Takamasa Tanimura का साथै Japan Copyright Office बाट Deputy Director Mr. Satoshi Tsuzuki काठमाडौं आउनु भएको थियो ।

विशेषतः प्रतिलिपि अधिकार सम्बन्धमा सचेतना बढाउने र सम्बद्ध संघ संस्था तथा निकायहरू र तिनमा संलग्न पदाधिकारी, कर्मचारी तथा प्रतिलिपि अधिकार धनीहरूको क्षमता विकास गर्ने उद्देश्यले उक्त कार्यशाला आयोजना गरिएको थियो । कार्यशालामा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अधिकृतहरू, रोयल्टी संकलन संस्थाहरूका प्रतिनिधिहरू, चलचित्र क्षेत्रसँग सम्बन्धित संघ संस्थाका प्रतिनिधिहरू, गीत संगीत क्षेत्रसँग सम्बन्धित संघ संस्थाका प्रतिनिधिहरू, पुस्तक बिक्रेता तथा प्रकाशक संघका प्रतिनिधिहरू, विज्ञापन संघका प्रतिनिधिहरू तथा कानून व्यवसायीहरूको सक्रिय सहभागिता थियो ।

कार्यशालाको उद्घाटन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री सुशील घिमिरेले गर्नु भएको थियो । सो अवसरमा सचिव श्री घिमिरेले नेपालमा प्रतिलिपि अधिकार बारेमा चेतनाको कमी, यसको व्यवस्थापन र कानूनले दिएको हक अधिकार कार्यान्वयनमा ज्ञान र क्षमताको कमीले गर्दा अपेक्षित मात्रामा परिणाम प्राप्त गर्न सकिएको छैन भन्नु भयो । स्रष्टा, सर्जक, कलाकार तथा यस क्षेत्रका व्यवसायीहरूका साथै समाज र राज्यले पनि यसबाट हुन सक्ने लाभ लिन सकेको छैन भन्दै यस खालको कार्यशालाले बौद्धिक सम्पत्तिको व्यवस्थापन र उपयोगमा थप आधार प्रदान गर्ने विश्वास व्यक्त गर्नु भयो । यस्तो महत्वपूर्ण कार्यक्रम सञ्चालन गर्न सहयोग गरेकोमा विश्व बौद्धिक सम्पत्ति संगठन र जापान प्रतिलिपि अधिकार कार्यालय प्रति उहाँले हार्दिक आभार पनि प्रकट गर्नु भएको थियो । आगामी दिनहरूमा प्रचलित अन्तर्राष्ट्रिय मूल्य मान्यता र मुलुकका स्रष्टा, सर्जक, कलाकार तथा सम्बन्धित व्यवसायीहरूको हित र आवश्यकता अनुकूल प्रतिलिपि अधिकारको कानून र प्रशासनिक व्यवस्थामा सुधार गर्दै लगिने प्रतिबद्धता व्यक्त गर्दै सम्पूर्ण सरोकारवालाहरूलाई आ-आफ्नो ठाउँबाट सजग हुन समेत सचिवज्यूले आव्हान गर्नु भएको थियो ।

बाँकी पृष्ठ ७ मा

# विश्व बौद्धिक सम्पत्ति दिवस २०१३




प्रत्येक वर्ष अप्रिल २६ का दिन संसारभर विश्व बौद्धिक सम्पत्ति दिवस मनाउने गरिन्छ । नेपालमा पनि यो दिवसलाई सम्बन्धित निकायहरू र सरोकारवालाहरू मिलेर विभिन्न कार्यक्रमको आयोजना गरेर सक्रियता पूर्वक मनाउने गरिन्छ । यस वर्ष वैशाख ९ र १० गते दुई दिन बौद्धिक सम्पत्ति दिवसको उपलक्ष्यमा विशेष कार्यक्रमहरूको आयोजना गरेर भव्य रूपमा मनाइएको थियो ।

**अन्तरक्रिया कार्यक्रम:** वैशाख ९ गते उद्योग विभाग, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, बौद्धिक सम्पत्ति संरक्षण समाज र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा महासंघको सभाकक्षमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । सो कार्यक्रममा नेपालमा बौद्धिक सम्पत्ति सम्बन्धी व्यवस्थाको समीक्षा हुनुका साथै बौद्धिक सम्पत्ति अधिकार नीति र एकीकृत बौद्धिक सम्पत्ति कार्यालयको स्थापना सम्बन्धमा विशेष चर्चा भएको थियो । अन्तरक्रिया कार्यक्रमका विशेष अतिथिका रूपमा उद्योग मन्त्रालयका सचिव श्री कृष्ण ज्ञवालीले नेपाल सरकारले बौद्धिक सम्पत्ति नीति तर्जुमा गर्न र बौद्धिक सम्पत्ति कार्यालय स्थापना गर्ने विषयलाई विशेष प्राथमिकता दिएर अघि बढाई रहेको कुरा जानकारी गराउनु भयो । अन्तरक्रिया कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री भास्करराज राजकर्णिकार, बौद्धिक सम्पत्ति अधिकार संरक्षण समाजका अध्यक्ष श्री भरत बहादुर थापा, उद्योग मन्त्रालयका सहसचिव श्रीमती याम कुमारी खतिवडा, उद्योग विभागका महानिर्देशक श्री ध्रुवलाल राजवंशी, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिसु कुमार के.सी. लगायतले मन्तव्य राख्नु भएको थियो । अन्तरक्रिया कार्यक्रममा उद्योग, वाणिज्य, कला, साहित्य र विज्ञानसँग सम्बद्ध संघ संस्थाका पदाधिकारीहरू लगायत पत्रकारहरूको सहभागिता रहेको थियो ।

**भव्यऱ्याली:** बौद्धिक सम्पत्ति दिवसको अवसरमा संगीत रोयल्टी संकलन समाज नेपालको संयोजकत्वमा गीत, संगीत, कला, साहित्य क्षेत्रका, संघ संस्थाहरूको एक भव्य ऱ्यालीको आयोजना गरिएको थियो । विहान ८ बजे भृकुटीमण्डपबाट प्रारम्भ भएको उक्त ऱ्याली भद्रकाली, सहिदगेट, नयाँसडक, इन्द्रचोक, असन, भोटाहिटी, रत्नपार्क, बागबजार, पुतली सडक हुँदै भृकुटीमण्डप स्थित नेपाल पर्यटन बोर्डको प्राङ्गणमा पुगेर सभामा परिणत भएको थियो । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, संगीत रोयल्टी संकलन समाज, संगीत उत्पादक समाज, प्रस्तोता समाज नेपाल, गीतकार संघ नेपाल, संगीत निर्देशक संघ, राष्ट्रिय लोक तथा दोहरी गीत प्रतिष्ठान, नेपाल संगीत उद्योग संघ, विभिन्न संगीत प्रशिक्षण संस्थाहरू लगायत कला, साहित्य, संगीत र बौद्धिक सम्पत्ति अधिकारसँग सम्बन्धित संघ संस्थाहरूसँग सम्बन्धित पदाधिकारीहरू तथा स्रष्टा सर्जक र पत्रकारहरू सहभागी यो ऱ्याली निकै भव्य र आकर्षक थियो । विशेषत: प्रतिलिपि अधिकार कार्यान्वयन गर्न ऐक्यबद्धता जनाउन पनि यो ऱ्याली एउटा सहयोगी कार्यक्रम बनेको पर्यवेक्षकहरूले विश्लेषण गरेको पाइयो ।

**विषेश समारोह:** उक्त ऱ्यालीपछि बौद्धिक सम्पत्ति अधिकार दिवस मूल समारोहको आयोजना नेपाल पर्यटन बोर्डको सभा हलमा आयोजना गरिएको थियो । मूल समारोहको प्रमुख अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका जिम्मेवारी सम्हाल्नु भएका मन्त्री श्री रामकुमार श्रेष्ठ हुनु हुन्थ्यो । उहाँले बौद्धिक सम्पत्ति दिवस यसरी भव्य रूपमा मनाइदा यसको महत्व बारे सबैमा चेतना विस्तार हुने विश्वास व्यक्त गर्नु भयो । नेपाल सरकारले कला, संस्कृतिको विकासलाई महत्व दिएको र यसका लागि स्रष्टा सर्जकहरूको हक अधिकार सुनिश्चित हुनु पर्दछ भन्नेमा पनि सचेत रहेको छ भनी भन्नु भयो । कार्यक्रममा नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री सुशिल घिमिरे र उद्योग मन्त्रालयका सचिव श्री कृष्ण ज्ञवालीले पनि मन्तव्य राख्नु भएको थियो । उहाँहरूले बौद्धिक सम्पत्तिको संरक्षण उपयोग र व्यवस्थापनबाट राज्यले धेरै फाइदा लिन सक्ने तथ्य माथि प्रकाश पार्नु हुँदै नेपालको बौद्धिक सम्पत्ति अधिकार व्यवस्थालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल सुधार गरिदै लैजाने प्रतिबद्धता समेत प्रकट गर्नु भयो । समारोहका सभापति बौद्धिक सम्पत्ति अधिकार संरक्षण समाजका अध्यक्ष श्री भरत बहादुर थापाले बौद्धिक सम्पत्ति अधिकार व्यवस्थाको सुदृढीकरण गरेर राज्यले उपयोग गरेमा मात्र देशको आर्थिक, प्राविधिक, सांस्कृतिक विकास हुने भनी ठोकुवा गर्नु भयो । प्रतिलिपि अधिकार संरक्षण समाज नेपालका अध्यक्ष वरिष्ठ कवि एवं गीतकार श्री कालीप्रसाद रिजालले प्रतिलिपि अधिकार सम्बन्धी ऐन कानून बनेको भए तापनि यसको कार्यान्वयनका लागि राज्य र स्वयं प्रतिलिपि अधिकार धनीहरू पनि अपेक्षित मात्रामा सक्रिय हुन नसक्दा स्रष्टा, सर्जक, उद्यमी, व्यवसायी सबै मर्कामा परेका छन् भन्नु भयो र यसका लागि सरकारको विशेष पहलका लागि माग समेत गर्नु भयो ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका सभापति श्री सुरज वैद्य तथा नेपाल उद्योग परिसंघका उपसभापति श्री हरिभक्त शर्माले पनि मन्तव्य राख्नु भएको थियो । उहाँहरूले देशको औद्योगिक विकासको लागि बौद्धिक सम्पत्ति अधिकार व्यवस्था प्रभावकारी हुनु पर्दछ भन्ने भनाइहरू राख्नु भयो । समारोहको शुरुमा उपस्थित अतिथिहरू तथा सहभागी स्रष्टा, सर्जक, कलाकार, साहित्यकारहरूलाई नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिसु कुमार के.सी.ले स्वागत गर्दै बौद्धिक सम्पत्ति अधिकार दिवस मनाउनुको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो ।



# प्रतिलिपि अधिकार कानून कार्यान्वयन सम्बन्धी हेटौडामा गोष्ठी

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले २०७० जेठ १२ गते मकवानपुरको हेटौडामा "प्रतिलिपि अधिकार कानून कार्यान्वयनको अवस्था र सुधारको क्षेत्रहरू" विषयक एक दिवसीय गोष्ठी सम्पन्न गरेको छ ।

स्रष्टा, सर्जकहरूलाई आफ्नो अधिकारप्रति सचेत र जागरुक बनाउनु, प्रतिलिपि अधिकार सम्बन्धी आधारभूत जानकारी गराउनु, प्रतिलिपि अधिकार कानून कार्यान्वयन गर्ने निकायहरू (अदालत, सरकारी वकिल र प्रहरी कार्यालय) मा कार्यरत रहनु भएका अधिकृतहरूलाई प्रतिलिपि अधिकार सम्बन्धी र स्रष्टा तथा व्यवसायीहरूको समस्याहरू बारे जानकारी गराई आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्न तयार बनाउनु एवं प्रतिलिपि अधिकार कानून कार्यान्वयनमा देखा परेका समस्या पहिचान गरी त्यसको समाधानको उपायहरू पत्ता लगाउनु जस्ता उद्देश्यहरू लिएर कार्यक्रमको आयोजना गरिएको थियो ।

कार्यक्रममा पुनरावेदन अदालत, नारायणी अञ्चलभरीका जिल्ला सरकारी वकिल कार्यालयहरू, अदालतहरूका, प्रहरी कार्यालयहरूका अधिकृतहरू एवं विभिन्न सरोकारवाला साहित्य, गीत, संगीत, कला, क्षेत्रका स्रष्टा, सर्जकहरूका करीव ४० वटा संस्थाका प्रतिनिधिहरूका साथै स्थानीय रेडियो तथा पत्रिकाका पत्रकारहरू सहित १०० भन्दा बढी व्यक्तिहरूको गोष्ठीमा सहभागिता रहेको थियो ।

उद्घाटन कार्यक्रमको अध्यक्षता वरिष्ठ संगीतकार श्री भोला जोशीले गर्नु भएको थियो भने प्रमुख अतिथि पुनरावेदन अदालत, हेटौडाका कायम मुकायम मुख्य न्यायाधीश श्री जगदीश शर्मा पौडेल हुनुहुन्थ्यो ।



कार्यक्रममा बोल्दै प्रमुख अतिथि श्री जगदीश शर्मा पौडेलले प्रतिलिपि अधिकार अहिले जटिल विषय हो र नेपाल हरेक क्षेत्रमा विकासोन्मुख रहे जस्तै प्रतिलिपि अधिकारको क्षेत्रमा पनि विकासोन्मुख चरणमा रहेको बताउनु भयो । उहाँले महाकवि लक्ष्मी प्रसाद देवकोटा जस्तो स्रष्टा अभावै अभावमा जीवन गुजार्नु परेको तितो सत्य माथि प्रकाश पार्दै जवसम्म राज्यले हरेक स्रष्टाको प्रतिलिपि अधिकारको संरक्षण गर्न सक्दैन तवसम्म सुसंस्कृत समाजको निर्माण हुन सक्दैन भन्ने तथ्य राख्नु भयो । यस प्रकारको कार्यक्रमबाट प्रतिलिपि अधिकार बारे चेतना बढाउन र ऐन कार्यान्वयन गर्न मद्दत पुग्ने विश्वास उहाँले प्रकट गर्नु भयो ।

जिल्ला सरकारी वकिल कार्यालय, मकवानपुरका जिल्ला न्यायाधिवक्ता श्री चन्द्रबहादुर सापकोटाले प्रतिलिपि अधिकार भनेको Right to Copy हो । सिर्जना प्रयोग गर्दा के कस्तो शर्त मान्ने भन्नु नै हो भन्नु हुँदै यस सम्बन्धमा प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, अदालत, प्रहरी प्रशासन तथा सरोकारवालाहरूको समन्वय हुनु पर्ने कुरामा जोड दिनु भयो । उहाँले पाइरेसी भनेको कपि गरी डकैती गर्ने अर्थात स्रष्टालाई आर्थिक फाइदाबाट बञ्चित गर्नु हो भन्नु भएको थियो । उहाँले निकै अघि एक जना फोटोग्राफरको फोटोहरू पर्यटन बोर्डले अनधिकृत रूपमा प्रयोग गरेको मुद्दा र प्रतिलिपि अधिकार धनी स्रष्टाको गीत संगीतको रिमिक्स गरेको मुद्दा सम्बन्धी आफ्नो अनुभव पनि समारोहमा सुनाउनु भएको थियो ।

त्यसै गरी कार्यक्रममा उद्यमी श्री सुवर्णलाल श्रेष्ठ, पत्रकार श्री प्रताप विष्ट तथा प्रहरी उपरीक्षक गुप्त बहादुर श्रेष्ठले यस प्रकारको कार्यक्रम आयोजना भएकोमा आयोजक नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयलाई धन्यवाद दिनुका साथै प्रतिलिपि अधिकार सम्बन्धमा सचेत र जागरुक हुन स्थानीय स्रष्टा, सर्जक, कवि, कलाकारहरूलाई आव्हान गर्नु भएको थियो ।

कार्यक्रममा "नेपालको प्रतिलिपि अधिकार व्यवस्था" विषयमा रजिष्ट्रार श्री बिसु कुमार के.सी.ले र "रोयल्टी संकलन संस्थाको भूमिका र प्रस्तोता समाज नेपाल" विषयमा प्रस्तोता समाज नेपालका प्रमुख कार्यकारी निर्देशक राजिव लोहनीले छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

रजिष्ट्रार के.सी.ले बौद्धिक सम्पत्ति भनेको के हो ? बौद्धिक सम्पत्तिको वर्गीकरण, प्रतिलिपि अधिकारको महत्व, क्षेत्र, स्वरूप बारे सहभागीलाई प्रष्ट पार्नु भएको थियो । साथै उहाँले आर्थिक अधिकार, नैतिक अधिकार, प्रतिलिपि अधिकारको स्वामित्व, सम्बन्धित अधिकारहरू, प्रस्तोताको अधिकार, ध्वनिअंकन उत्पादकको अधिकार, प्रसारण संस्थाको अधिकार, प्रतिलिपि अधिकारको संरक्षण अवधि अदि विषयमा सहभागीहरूलाई जानकारी दिनु भएको थियो । उहाँले प्रस्तुतिको क्रममा प्रतिलिपि अधिकारको व्यवस्थापन, रोयल्टी संकलन संस्थाको काम, प्रतिलिपि अधिकारको उल्लंघन र कानूनी उपचार, दण्ड सजाय बारे पनि प्रष्ट पार्दै प्रतिलिपि अधिकार ऐन

## पुस्तक प्रदर्शनीमा प्रतिलिपि अधिकार सम्बन्धी प्रचार

नेपाल राष्ट्रिय पुस्तक बिक्रेता तथा प्रकाशक संघले सत्रौं नेपाल शैक्षिक तथा पुस्तक प्रदर्शनी, २०७० (२०७०।२।१० देखि २०७०।२।१८) भृकुटीमण्डप, काठमाडौंमा आयोजना गरेको थियो । प्रतिलिपि अधिकारबारे आम जनमानसमा चेतनाको कमी भएको विषयलाई दृष्टिगत गरी नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय पनि जानकारीमूलक सामग्रीहरू सहित प्रदर्शनीमा सहभागी भएको थियो । आयोजकले विषयको महत्वलाई विचार गरेर यस कार्यालयको लागि निःशुल्क एक स्टल उपलब्ध गराई दिएको थियो ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले स्टलबाट प्रतिलिपि अधिकार सम्बन्धी पर्चा, पम्प्लेट, बुकलेट आदि बाँड्नुका साथै प्रतिलिपि अधिकार सम्बन्धी बिभिन्न जानकारीमूलक सन्देशहरू उल्लेखित फ्लेक्स बोर्डहरू प्रदर्शनी गरेको थियो । साथै स्टलमा खटिएका कार्यालयका कर्मचारीहरूले विभिन्न लेखक, पुस्तक प्रकाशक, शिक्षक, बिद्यार्थी तथा सर्वसाधारणहरूको प्रतिलिपि अधिकार सम्बन्धी जिज्ञासाहरूको जवाफ दिएका थिए ।

प्रदर्शनीमा विभिन्न पुस्तक विक्रेता तथा प्रकाशन गृहहरूका साथै यस कार्यालयको समेत गरी झण्डै एक सयको हाराहारीमा स्टलहरू रहेका थिए । प्रतिलिपि अधिकार सम्बन्धी यस प्रकारको जनचेतनामूलक प्रदर्शनी यस भन्दा पहिले नभएको हुँदा पनि यो कार्यलाई धरैले प्रसंशा गरेका थिए ।

विशेष गरी विदेशी लेखकहरूको पुस्तक अनुमति बिना अनुवाद गरी बिक्री वितरण र प्रदर्शन समेत गरेको सम्बन्धमा बढी चर्चा हुनुका साथै प्रतिलिपि अधिकार सम्बन्धी अन्य विषयहरूमा पनि स्रष्टा, सर्जक तथा पाठकहरूमा रूचि राखेको देखिएको थियो । यस अवसरमा विभिन्न पत्रिकाहरूले विशेष रूचि दिई समाचार सम्प्रेषण गरेका थिए । प्रदर्शनीमा यस पटकको सहभागिताबाट आगामी दिनहरूमा आयोजना हुने यस्ता मेला प्रदर्शनीहरूमा सहभागी हुने हौसला पनि बढेको छ ।

कार्यान्वयनका क्षेत्रमा रहेका समस्या तथा चुनौतिहरू बारे चर्चा गर्नु भएको थियो । उहाँले प्रतिलिपि अधिकार क्षेत्रमा मूलतः जनसाधारणमा ज्ञान र चेतनाको कमी, रचयिता आफै सचेत नहुनु, कार्यान्वयन निकायहरूमा पर्याप्त ज्ञान, क्षमता र सीपको कमी हुनु र अन्य कार्य बोझ बढी हुनु तथा प्रतिलिपि अधिकार सम्बन्धी छुट्टै नीति बन्न नसक्नु जस्ता समस्याहरू रहेको तथ्यहरू माथि प्रकाश पार्नु भएको थियो ।

प्रस्तोता समाज नेपालका प्रमुख कार्यकारी निर्देशक श्री राजिव लोहनीले रोयल्टी संकलन समाजहरूको उद्देश्य, कार्यहरू तथा महत्वका विषयमा प्रकाश पार्नु भएको थियो । उहाँले नेपालमा हालसम्म दर्ता भएका रोयल्टी संकलन संस्थाहरू (CMO) बारेमा चर्चा गर्नुका साथै प्रस्तोता समाज नेपालको बारेमा विस्तृत जानकारी गराउनु भएको थियो ।

प्रस्तुति पश्चात् सहभागीहरूले आ-आफ्नो जिज्ञासा राख्नु भएको थियो भने नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिसु कुमार के.सी.ले तिनका जवाफ दिनु भएको थियो । यस गोष्ठीमा प्रस्तोता समाज नेपालले पनि सहकार्य गरेको थियो र गोष्ठीको समाप्तीपछि प्रस्तोता समाज र स्थानीय गायक गायिका तथा अन्य प्रस्तोताहरू बीचमा अन्तरक्रिया कार्यक्रम पनि गरिएको थियो ।

# हस्तकला र बौद्धिक सम्पत्ति

हस्तकलाजन्य वस्तुको उत्पादनमा कलात्मक पक्ष र सिर्जनात्मक पक्षको धेरै महत्व रहन्छ । परम्परागत हस्तकला भन्नाले मूलतः शिल्पी हुने सीप र सिर्जना प्रयोग हुने र संस्कृतिको प्रतिनिधित्व र प्रभाव हुने वस्तु हुन् । यी उत्पादनहरू कलात्मक र सिर्जनात्मक त हुन्छन् नै उपयोगी र सजावटीय पनि हुन्छन् । धार्मिक, सामाजिक र सांस्कृतिक सुगन्ध पनि हुन्छन् । यसको व्यापार व्यवसायबाट हुने आर्थिक फाइदाको झन ठूलो महत्व छ । यसैले परम्परागत हस्तकलाजन्य वस्तुको संरक्षण सम्बर्द्धनका साथै व्यावसायिक प्रबर्द्धन गर्नु आजको आवश्यकता हो । यसका धेरै चुनौतिहरू पनि छन् । त्यस मध्ये एउटा हो हस्तकलाजन्य वस्तुको बौद्धिक सम्पत्ति अधिकारको सुरक्षा । हस्तकलाका उत्पादनहरू केलाउँदा यसको ख्याति (Goodwill), आकृति र डिजाइन, यसको निर्माण सम्बन्धी विशेष ज्ञान र सीप आदि बौद्धिक सम्पत्तिजन्य कुरा भेटिन्छन् । यि कुराहरूको कानूनी संरक्षण गरेर व्यावसायिक उपयोग गर्नु हस्तकला क्षेत्रका शिल्पी, कलाकर्मी, उद्यमी व्यवसायीहरूका लागि जरुरी मन्त्र हो । यसै सन्दर्भमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय र हस्तकला डिजाइन तथा विकास केन्द्रको संयुक्त आयोजनामा हस्तकलाको ट्रेडमार्क र प्रतिलिपि अधिकार संरक्षण विषयक चेतना अभिबृद्धि गोष्ठीको आयोजना गत असार १२ गते नेपाल हस्तकला महासंघको सभाहलमा आयोजना गरिएको थियो । कार्यक्रममा रजिष्ट्रार श्री बिसु कुमार के.सी.ले बौद्धिक सम्पत्ति अधिकारका विभिन्न विधाहरूको परिचय सहित तिनको महत्व एवं हस्तकलाजन्य वस्तुको संरक्षणमा उपयोगिता सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । यो गोष्ठीको अध्यक्षता नेपाल हस्तकला महासंघका सभापति श्री हेमरत्न शाक्यले गर्नु भएको थियो र उहाँले बौद्धिक सम्पत्ति अधिकार बारे हस्तकला व्यवसायीहरूले जान्नु अति आवश्यक छ भन्नु भयो । उपसभापति धर्मराज शाक्यले हस्तकलाका क्षेत्रमा पेटेन्ट डिजाइन, ट्रेडमार्क र प्रतिलिपि अधिकार आदिको उपयोग गर्न नसक्दा आइ परेका समस्याहरू बारे उल्लेख गर्नु भएको थियो । कार्यक्रमको आरम्भमा हस्तकला डिजाइन सेन्टरका कार्यकारी निर्देशक श्री बद्री बहादुर कार्कीले सहभागी उद्यमी व्यवसायी तथा हस्तकला कर्मीहरूलाई स्वागत गर्दै कार्यक्रमको औचित्य र महत्व बारे प्रकाश पार्नु भएको थियो ।

# प्रतिलिपि अधिकार नीतिको मस्यौदा

प्रतिलिपि अधिकार कानूनले सिर्जनात्मक कामहरू उपर निश्चित अवधिको लागि सिर्जनाकारलाई अधिकार प्रदान गर्दछ । अर्थात प्रतिलिपि अधिकार धनीले आफ्नो अनुमति वेगर भएका त्यस्ता कार्यहरूको प्रयोग गर्न रोक लगाउन सक्दछ । सिर्जनात्मक कार्यहरू बढी से बढी होउन र त्यसबाट राज्यको आर्थिक, प्राविधिक र सांस्कृतिक विकासमा समेत टेवा पुगोस भनेर यस्तो कानूनी व्यवस्था गरिएको हो । झट्ट हेर्दा स्रष्टा, सर्जक, कलाकारहरूको हितको लागि जस्तो लागे पनि प्रतिलिपि अधिकारको संरक्षणले समस्त समाज र जनताको भलो गर्ने उद्देश्य राखेको हुन्छ । सिर्जनाहरू र सिर्जनामा आधारित उद्यम व्यवसायहरूले राष्ट्रिय उत्पादन, रोजगारी, राजस्व, वैदेशिक मुद्रा आर्जनको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याई रहेको हुन्छ । नेपालको सन्दर्भमा प्रतिलिपि अधिकार व्यवसायको यो पाटोलाई पहिल्याउन प्रयास गरिएको देखिंदैन । केवल कला साहित्य र संस्कृति क्षेत्रको लागि आवश्यक कानूनी व्यवस्थाको रूपमा मात्र हेरिएको पाइन्छ । प्रतिलिपि अधिकार व्यवस्थाका सबै आयाम र पक्षहरूलाई दृष्टिगत गरेर एउटा नीतिपत्रको खाँचो रहेकोले त्यसतर्फ कार्यालयले प्रयास गरेको छ । नेपालमा वि.सं. २०५९ मा नयाँ प्रतिलिपि अधिकार ऐन र वि.सं. २०६१ मा नियमावली आएपछि नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना भयो । रोयल्टी संकलन संस्थाहरू गठन भए । प्रतिलिपि अधिकार उल्लंघनका घटना (पाइरेसी) का उजुरी र मुद्दाहरू प्रहरी तथा अदालतमा पर्न थाले । सचेतना र प्रबर्द्धनका कामहरू हुन थाले । तर यी सब के का लागि किन र कसरी गर्ने भन्ने स्पष्ट मार्ग दर्शनको अभाव छ । यसैले प्रतिलिपि अधिकार सम्बन्धी नीतिपत्रको मस्यौदा गरिएको छ । नीतिको मस्यौदामा उद्देश्य सहित ६ वटा नीति र विभिन्न ७ शिर्षकमा ४७ वटा रणनीतिहरू प्रस्ताव गरिएका छन् ।



नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले यही असार महिनामा यो नीति मस्यौदा उपर एक अन्तरक्रिया कार्यक्रम पनि आयोजना गरेको थियो । जसमा २० भन्दा बढी सरोकारवाला संघ संस्थाका झण्डै ४० जना प्रतिनिधिहरू सहभागी भएका थिए ।

यो प्रारम्भिक मस्यौदा भएको हुँदा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको अग्रसरतामा अन्य मन्त्रालय, विभाग, निकाय एवं सरोकारवाला संघ संस्थाहरूसँग बृहत छलफल र परामर्श गरेर मात्र यो नीति पारित हुनेछ । मस्यौदा नीति उपर थप प्रतिक्रिया र सुझावको लागि यस बुलेटिनमा पनि प्रकाशित गरिएको छ ।

# प्रस्तावित प्रतिलिपि अधिकार नीति, २०७० को मस्यौदा

**(क) उद्देश्य :**

कला साहित्य विज्ञान आदि सवै क्षेत्रका विधामा सिर्जनशिलतालाई प्रोत्साहित गर्दै सिर्जनाहरुमा आधारित उद्यम व्यबशायहरुको प्रवर्द्धन गरेर देशको आर्थिक प्राविधिक र साँस्कृतिक विकासमा योगदान पुऱ्याउने उद्देश्य यस प्रतिलिपि अधिकार नीति २०७० को रहेको छ ।

**(ख) नीतिहरु:**

१.उच्चस्तरको संरक्षण पद्धति विकास गर्ने :

मुलुकको कला, साहित्य लगायत अन्य सिर्जनात्मक काम र व्यावसायको हित हुने गरी प्रतिलिपि अधिकार संरक्षणको लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुकूलको कानूनी र प्रशासनिक व्यवस्था सुधार गरिनेछ । छिटो छरितो र सरल संरक्षण व्यवस्था र प्रभावकारी एवं व्यावहारिक कार्यान्वयन पद्धति विकास गरेर प्रतिलिपि अधिकार उल्लंघनका कार्यहरू नियन्त्रण गरिनेछ ।

सवल कानूनी र प्रशासनिक संरचना र प्रभावकारी कार्यान्वयन व्यवस्थाबाट प्रतिलिपि अधिकार धनीहरूको तुलनात्मक लाभ बढी प्राप्त गर्ने हुँदा सिर्जनात्मक कार्यहरू बढी भन्दा बढी गर्न प्रोत्साहन पुग्नेछ ।

२. सिर्जनात्मक काममा आधारित उद्यम व्यवसायको प्रोत्साहन गर्ने :

प्रतिलिपि अधिकार व्यवस्थाले मौलिक सिर्जजनात्मक कामहरुको संरक्षण गर्दछ । यस्ता रचनात्मक कामलाई बौद्धिक सम्पत्तिको रूपमा निश्चित अवधिको लागि एकाधिकार समेत प्रदान गर्ने हुँदा रचनात्मक कामहरुको व्यावसायिक उपयोग सम्भव हुन्छ । प्रतिलिपि अधिकार संरक्षणको उद्देश्य यस्ता प्रतिलिपि अधिकारजन्य काममा आधारित उद्यम व्यावसायको विकास र विस्तार गर्नु हो ।

३. प्रतिलिपि अधिकारको व्यवस्थापन क्षमता बृद्धि गर्ने :

प्रतिलिपि अधिकारले रचनात्मक कामलाई व्यक्तिगत सम्पत्ति सरहको मान्यता दिने र यसको व्यावसायिक उपयोगबाट स्रष्टा, सर्जक लगायतका प्रतिलिपि अधिकार धनीले लाभ प्राप्त गर्दछन् । यसको व्यावसायिक उत्पादन, बिक्री वितरण, प्रकाशन, प्रसारण, प्रदर्शन आदिसँग सम्बन्धित व्यावसायीहरु तथा कामदारहरूले पनि यसबाट मनग्य फाइदा लिन सक्तछन् । तर यी कामहरूको लागि राम्रो व्यवस्थापन दक्षता आवश्यक पर्दछ । यसैले राज्यले प्रतिलिपि अधिकारको कानूनी र प्रशासनिक संरक्षणका साथसाथै यसको व्यावसायिक उपयोग कुशलतापूर्वक गर्न आवश्यक व्यावसायिक दक्षतालाई पनि बढवा दिनु पर्दछ ।

४. देशको हितलाई प्राथमिकता दिदै अन्तराष्ट्रिय मान्यताहरुको अवलम्बन गर्ने :

प्रतिलिपि अधिकार र योसँग सम्बन्धित अधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको पक्षधर बन्दा मुलुकको हितलाई प्राथमिकतामा राखेर गर्नु पर्दछ । यसै गरेर विभिन्न अन्तर्राष्ट्रिय वार्ता, बैठक, सभा, सम्मेलनमा पनि देशको कला संस्कृति र सम्पूर्ण सिर्जनात्मक क्रियाकलापलाई प्रोत्साहन हुने गरी पहल गर्नु पर्दछ । यि कुराहरूको साथ साथै प्रतिलिपि अधिकार व्यवस्थाका सम्बन्धमा उठान हुने नयाँनयाँ मुद्दाहरू र प्रविधिको विकासले उत्पन्न गरेका अवसर तथा चुनौतिहरू सम्बन्धमा मुलुकको हित हुने गरी कसरी प्रस्तुत हुने भावी रणनीति बनाएर जानु पर्दछ ।

५. प्रतिलिपि अधिकार संरक्षण र व्यवस्थापनका लागि दक्ष जनशक्ति तयार पार्ने :

प्रतिलिपि अधिकारको प्रशासन र यसको कार्यान्वयन गर्न यस सम्बन्धी ज्ञान र सीप आवश्यक पर्दछ । यसै गरेर प्रतिलिपि अधिकार धनी, स्रष्टा, सर्जक, कलाकार, प्रस्तोता, प्रसारक, प्रकाशक आदि सवैलाई आफ्नो प्रतिलिपि अधिकारको संरक्षण र यसको व्यवस्थापन सम्बन्धी दक्षता चाहिन्छ । प्रतिलिपि अधिकारजन्य वस्तु तथा सेवाका क्षेत्रमा काम गर्ने व्यवसायीहरूमा पनि प्रतिलिपि अधिकारको कानूनी र व्यावसायिक निपूणता नभै हुँदैन ।

यस बाहेक सम्बन्धित व्यक्तिहरूमा पनि आवश्यक ज्ञान नभै नहुने कुरा हो । यि सबै तह र तप्कामा क्रियाशील जनशक्तिलाई आवश्यक दक्षता प्रदान नगरी प्रतिलिपि अधिकार व्यवस्थाको उद्देश्य अनुरूप रचनात्मक र सिर्जनात्मक क्रियाकलाप बढाउने र यससँग सम्बन्धित व्यापार व्यवसाय मार्फत देशको आर्थिक र सांस्कृतिक विकासमा टेवा पुऱ्याउने काम हुन सक्दैन ।

६. विदेशी लगानीलाई प्रोत्साहन गर्ने :

बौद्धिक सम्पत्ति अधिकारको प्रयाप्त संरक्षण हुने व्यवस्थाले विदेशी लगानीलाई आकर्षित गर्दछ । सिर्जनात्मक र कलात्मक काम सम्बन्धी उद्यम व्यवसायमा विदेशी लगानी र प्रविधि आकर्षित गर्न त्यस्ता सिर्जनात्मक र कलात्मक कामहरुको अधिकारको सुरक्षा हुने वातावरण पहिलो शर्त हुन्छ । तसर्थ विदेशी लगानी आकर्षण गर्न पनि प्रतिलिपि अधिकार व्यवस्थाको सुदृढीकरण गरिनु जरुरी छ ।

**ग) रणनीति :**

१. सुदृढ प्रतिलिपि अधिकार संरक्षण व्यवस्था

- नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयलाई सक्षम सुदृढ र साधन स्रोत सम्पन्न बनाउने ।
- रचना दर्ता प्रक्रिया सहज र सरल बनाउन Online दर्ता प्रक्रिया सुरुवात गर्ने ।
- प्रतिलिपि अधिकार सम्बन्धी सूचना केन्द्रहरू स्थापना गरी यस सम्बन्धी जानकारी सहज र सरल रूपमा मुलुकभर प्रवाह गर्ने व्यवस्था गर्ने ।
- समयानुकूल र अन्तर्राष्ट्रिय सन्धि सम्झौता एवं नयाँ विकसित मान्यताहरूलाई हेरी प्रतिलिपि अधिकार सम्बन्धी ऐन नियमहरू परिमार्जन गर्ने ।
- प्रतिलिपि अधिकारको व्यवस्थापन र प्रशासन सम्बन्धी कार्यविधि तथा निर्देशिकाहरू तर्जुमा गरी लागू गर्ने ।
- प्रतिलिपि अधिकारसँग सम्बन्धित प्रशासन, व्यवस्थापन र ऐन कार्यान्वयन गर्ने जनशक्तिहरूलाई आवश्यक ज्ञान सीप र दक्षता प्रदान गरेर सक्षम जनशक्ति तयार पार्ने तथा त्यस्ता सक्षम जनशक्तिलाई सम्बन्धित काममा निरन्तर रूपमा रही काम गर्ने गराउने व्यवस्था गर्ने ।
- विशेषत: प्रहरी प्रशासन (अधिकृतहरू), सरकारी वकिल र न्यायाधीशहरूलाई सघन रूपमा प्रशिक्षण दिने व्यवस्था गर्ने ।
- पाइरेसी नियन्त्रण गर्ने केन्द्र तथा स्थानीय स्तरमा विशेष संयन्त्र बनाउने र यस कार्यमा प्रतिलिपि अधिकार सम्बन्धी संघ संस्थाहरूलाई पनि सक्रिय पार्ने ।
- प्रतिलिपि अधिकार सम्बन्धी सचेतना कार्यक्रमहरूलाई प्रभावकारी र विस्तृत बनाउने ।

२. प्रतिलिपि अधिकारजन्य उद्यम व्यवसायहरूको प्रबर्द्धन :

- प्रतिलिपि अधिकारमा आधारित (Copyright Based) सिर्जनात्मक (Creative) उद्यम व्यावसायलाई उद्योगको रूपमा मान्यता

दिई औद्योगिक नीति अनुसारका सेवा सुविधा प्रदान गर्ने ।

- प्रतिलिपि अधिकारको सुदृढ कार्यान्वयन व्यवस्था, प्रतिलिपि अधिकारजन्य वस्तुको सार्वजनिक र व्यापारिक प्रयोग वापतको लाभको बाँडफाँड व्यवस्था व्यवस्थित र पारदर्शी बनाई प्रतिलिपि अधिकारमा आधारित सिर्जनात्मक उद्यम व्यवसायको विकासलाई बढावा दिने ।
- प्रतिलिपि अधिकारमा आधारित सिर्जनात्मक उद्यम व्यावसायको विकास विस्तार र प्रबर्द्धन गर्न अनुकूल वातावरण सिर्जना गरी ती उद्यम व्यावसायलाई प्रोत्साहन हुने सेवा सुविधा सहुलियत प्रदान गर्न छुट्टै कार्य योजना तयार गर्ने ।
- नेपाली प्रतिलिपि अधिकारमा आधारित सिर्जनात्मक कार्यहरू गीत, संगीत, सिनेमा, साहित्यिक तथा कलात्मक रचना, कम्प्युटर सफ्टवयेर आदिको निर्यात प्रबर्द्धन गर्ने र ति सिर्जनात्मक उत्पादनहरूको विदेशमा प्रतिलिपि अधिकार कार्यान्वयन गर्न आवश्यक आर्थिक प्राविधिक सहयोग प्रदान गर्ने ।
- विदेशी लगानी आकर्षण गर्न विदेशी रचनात्मक कार्यको प्रतिलिपि अधिकारको कार्यान्वयनको प्रत्याभूति गरिनेछ ।
- प्रतिलिपि अधिकार आधारित उद्यम व्यावसायसँग सम्बन्धित संस्थाहरू, प्रतिलिपि अधिकार धनी स्रष्टा सर्जकहरूको संघ संस्था र प्रतिलिपि अधिकार ऐन कार्यान्वयन गर्ने सरकारी निकायहरू बीच आवश्यक समन्वय र सहकार्यको वातावरण तयार गरिने ।

### ३. प्रतिलिपि अधिकारजन्य रचनाहरुको संरक्षण र उपयोग सम्बन्धी व्यवस्थापकीय क्षमता विकास:

- प्रतिलिपि अधिकारको क्षेत्रमा दक्ष र विज्ञ जनशक्ति तयार पार्ने ।
- प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारका सम्बन्धमा अधिकार प्राप्ती, कार्यान्वयन, विवाद समाधान, व्यवस्थापन, मूल्यांकन र हक हस्तान्तरण तथा लेनदेन सम्बन्धमा सम्बन्धित जनशक्तिलाई नियमित रूपमा तालीम प्रदान गर्ने व्यवस्था गर्ने ।
- सरकारी तथा निजी क्षेत्रमा समेत प्रतिलिपि अधिकारको कार्यान्वयन र व्यवस्थापन गर्न सघाउ पुग्ने आवश्यक आचार संहिता निर्देशिका तथा कार्यविधिहरू आदि तयार पारी लागू गर्न अभिप्रेरित गरिनेछ ।
- स्वदेशी तथा विदेशी सिर्जना तथा सिर्जनात्मक उद्यम व्यवसायीहरूको लगानीलाई प्रतिलिपि अधिकारको संरक्षणको लागि व्यबशायीक र कानुनी परामर्श सेवा प्रदान गर्ने सेवा प्रदायकहरूको व्यवस्था गरिनेछ ।

### ४. प्रतिलिपि अधिकार र यस सम्बन्धी अन्य व्यवस्था मार्फत राष्ट्रिय हीतको प्रबर्द्धन :

- प्रतिलिपि अधिकार तथा तत्सम्बन्धी अधिकारका सम्बन्धमा अन्तर्राष्ट्रियस्तर हुने विकासलाई नियमित अध्ययन र चासोमा राख्ने ।
- अन्तर्राष्ट्रिय स्तरमा हुने सभा, सम्मेलन, बैठक आदिमा नेपालले सक्रिय सहभागिता गरी प्रतिलिपि अधिकार सम्बन्धमा हुने नयाँ सन्धि सम्झौतामा मुलुकको हितलाई अधिकतम पार्ने प्रयास गर्ने र आर्थिक, व्यापारिक र प्राविधिक क्षेत्रमा भएका विकासले ल्याउने चुनौतिहरूको सामना गर्ने क्षमता विकास गर्न पहल गर्ने ।
- प्रतिलिपि अधिकार सम्बन्धमा अन्तर्राष्ट्रिय जगतमा नेपालले पहल गर्न विभिन्न मामलाहरूमा राष्ट्रिय अडान (लक्ष्य) र रणनीति तर्जुमा गरिनेछ ।
- अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू हस्ताक्षर गर्दा राष्ट्रिय हीतलाई मध्यनजर गरेर गर्ने मात्र गरिनेछ ।

### ५. प्रतिलिपि अधिकार सम्बन्धमा जनसाधारणमा सचेतना बृद्धि:

- प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकार सम्बन्धी विषयवस्तु विभिन्न शैक्षिक तथा प्रशिक्षण कार्यक्रमहरूको पाठ्यक्रमहरूमा समावेश गर्न पहल गर्ने ।
- सरोकारवाला तथा जनसाधारणलाई सु-सूचित गर्न उपयुक्त माध्यमहरूबाट प्रचारप्रसार गर्ने।
- सन्देशमूलक, जानकारीमूलक विविध प्रचार तथा पाठ्य सामग्रीहरूको उत्पादन गरी वितरण गर्ने ।
- खास र जरुरी विषयहरू सम्बन्धमा गोष्ठी, सेमिनार, कार्यशाला तथा अन्तरक्रिया कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्ने ।
- सम्बन्धित विषयमा अन्य निकायहरूले सञ्चालन गर्ने मेला, प्रदर्शनी आदि कार्यक्रमहरूमा सहभागिता गर्ने ।
- प्रतिलिपि अधिकार सम्बन्धी विविध मेला, उत्सव, प्रदर्शनी प्रतियोगीताहरूको आयोजना गर्ने ।
- प्रतिलिपि अधिकार सम्बन्धि सुचना केन्द्रहरु स्थापना गर्ने ।

### ६. प्रतिलिपि अधिकार कानून कार्यान्वयन र पाइरेसी नियन्त्रण अभियानलाई प्रभावकारी बनाउने :

- प्रतिलिपि अधिकार कानूनमा परिमार्जन गरेर प्रतिलिपि अधिकार उल्लंघनका मुद्दाहरूलाई फौजदारीका साथै देवानी प्रकृतिका मुद्दाहरू सम्बन्धी पनि व्यवस्था गर्ने ।
- ऐन परिमार्जन समेत गरेर विवाद समाधान तथा मध्यस्थता सम्बन्धी कानूनी तथा प्रशासनिक व्यवस्था गर्ने ।
- केन्द्रीय स्तरमा नै विशेष पाइरेसी नियन्त्रण समन्वय समिति गठन गरेर आवश्यक समन्वय र निर्देशन गर्ने व्यवस्था गर्ने ।
- प्रहरी संगठनभित्र प्रत्येक जिल्लामा प्रतिलिपि अधिकार नोडल अधिकृत तोक्ने व्यवस्था गरेर स्थानीय स्तरमा पाइरेसी नियन्त्रण गर्न सक्षम र जिम्मेवार बनाउने ।
- पाइरेसी विशेष अपराध भएकाले प्रहरी संयन्त्रभित्र पाइरेसी नियन्त्रण इकाई बनाएर विशेष कारवाही सञ्चालन गर्ने ।
- प्रतिलिपि अधिकार धनीहरू र यससँग सम्बन्धित संस्थाहरूलाई पाइरेसी नियन्त्रण गर्न अग्रसर बनाउने ।
- सचेतनामूलक र चेतावनीमूलक प्रचार प्रसारका क्रियाकलापहरू सञ्चालन गर्ने ।

### ७. प्रतिलिपि अधिकार सम्बन्धी रोयल्टी संकलन गनॆ सामुहिक व्यवस्थापन संस्थाहरूको सुदृढीकरण :

- हरेक विधामा सामुहिक व्यबस्थापन वा रोयल्टी संकलन संस्थाहरू गठन गर्न प्रोत्साहित गर्ने ।
- यस्ता संस्थाहरूको क्षमता विकास गर्न आवशयक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- रचना प्रयोग गर्न अनुमति दिने र रोयल्टी संकलन गरेर वितरण गर्ने काममा जिम्मेवार, पारदर्शी र जवाफदेही बनाउन रोयल्टी संकलन संस्थाहरूका लागि आवशयक आचार संहिता, कार्यविधि तथा निर्देशिकाहरू तयार पारी लागू गर्ने ।
- रोयल्टी संकलन संस्थाहरूलाई उद्देश्य अनुकूलका कार्यमा प्रभावकारी रूपमा सक्रिय बनाउन निरीषण र अनुगमन कार्यलाई नियमित रूपमा सञ्चालन गर्ने ।
- प्रतिलिपि अधिकारको संरक्षण र पाइरेसी नियन्त्रणमा सचेतनामूलक कार्यक्रमहरू गर्न प्रेरित गर्ने ।
- अनुमति लिएर मात्र रचनाहरू र प्रतिलिपिजन्य वस्तुहरूको उतपादन वितरण र सार्वजनिक प्रयोग गर्न गराउन सरकारी स्तरबाट पनि आवश्यक निर्देशनहरू जारी गर्ने ।

# विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस

अप्रिल २३ का दिनलाई विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवसको रूपमा विश्वभर मनाइन्छ । यो दिवस मनाउने चलन सन् १९२३ देखि स्पेनबाट शुरु भएको हो । सन् १९९५ देखि भने UNESCO ले नै यो दिवस विश्व व्यापी रुपमा मनाउने अभियान चलायो । नेपालमा पनि नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय लगायत लेखक तथा पुस्तक प्रकाशकहरू र अन्य संस्थाहरूले यो दिवस मनाउने गरि आएका छन् ।




यो वर्ष वैशाख १० गतेका दिन दिवस मनाउन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय र नेपाल राष्ट्रिय पुस्तक बिक्रेता तथा प्रकाशक संघको संयुक्त आयोजनामा एक प्रवचन कार्यक्रम आयोजना गरिएको थियो। डिल्लिरमण कल्याणी देवी पुस्तकालय लाजिम्पाटमा आयोजित सो प्रवचन कार्यक्रमको शिर्षक 'पुस्तक र प्रतिलिपि अधिकार' रहेको थियो।

कार्यक्रममा प्रतिलिपि अधिकार सम्बन्धमा रजिष्ट्रार श्री बिसु कुमार के.सी.ले बोल्नु भएको थियो भने पुस्तकको विषयमा प्रा.डा. दयानन्द वज्राचार्यले रोचक प्रवचन दिनु भएको थियो । प्रतिलिपि अधिकार स्रष्टा, सर्जकको अधिकार भन्ने जानकारी दिनु हुँदै रजिष्ट्रार श्री के.सी.ले स्रष्टा, सर्जक, लेखक, प्रकाशकले पनि आफ्नो अधिकारको उपयोग, व्यवस्थापन र कार्यान्वयन गर्न गराउन सक्षम हुनु पर्ने कुरा राख्नु भयो। प्रतिलिपि अधिकारको व्यवस्थापन, प्रवर्द्धन र व्यावसायिक उपयोगबाट देशको कला, साहित्य र संस्कृतिको साथ साथै आर्थिक विकासमा पनि योगदान पुग्ने तथ्यमाथि उहाँले प्रकाश पार्नु भयो। प्रतिलिपि अधिकार उल्लङ्घन भएमा कानूनले दिएको हक अधिकार बमोजिम उजूरी गर्न स्रष्टा, सर्जकहरू पछि पर्न नहुने कुरामा जोड दिनु हुँदै यस्तो अवस्थामा कानून उल्लङ्घन गर्नेहरूलाई दण्ड सजाय भएका उदाहरणहरू पनि उहाँले प्रस्तुत गर्नु भयो ।

प्रवचन कार्यक्रममा मुख्य वक्ताका रूपमा प्रा.डा. दयानन्द वज्राचार्य हुनु हुन्थ्यो । उहाँले आफ्नो जीवनमा श्रीमती र पुस्तक दुई कुरा अति महत्वपूर्ण भएका र यी दुई विना जीवन खल्लो हुने आफ्नो अनुभव राख्दै जीवनसँग पुस्तकको सम्बन्ध माथि सटिक दृष्टान्त पेश गर्नु भयो । पाठ्य पुस्तक मात्र पढ्नु पर्छ भन्ने संस्कार आफू माथि थोपरिएकोमा विदेशमा अध्ययन गर्न जाँदा त्यहाँका जनताको जहाँ तहीं जहिले पनि पुस्तक साथमा लिएर हिंड्ने र मौका पर्नासाथ पढ्न थाल्ने बानी देखेर आफूलाई अचम्म लागेको तर पछि आफूमा पनि यही बानी बसेको कथा सुनाउनु भयो । पुस्तक पढ्ने बानी भएका मुलुक विकसित भएका र कम पढ्ने संस्कार भएका मुलुक कम विकसित रहेको आफ्नो मूल्यांकन पेश गर्दै समाजको समग्र विकाससँग पुस्तकको गहिरो सम्बन्ध छ भन्नु भयो। राम्रा पुस्तकको लेखन, प्रकाशन र वितरण व्यवस्था गर्न उहाँले सबैलाई आग्रह गर्नु भयो । पठन संस्कृति हालका दिन केही बढेको भए तापनि यसलाई अझ बढाउनु पर्ने र पुस्तक व्यवसायलाई मर्यादित बनाउनु पर्ने खाँचो माथि प्रा.डा. वज्राचार्यले जोड दिनु भयो ।

समारोहको आरम्भमा राष्ट्रिय पुस्तक बिक्रेता तथा प्रकाशक संघका पूर्व अध्यक्ष श्री गोविन्द प्रसाद श्रेष्ठले उपस्थित अतिथिहरूको स्वागत गर्नु भएको थियो । राष्ट्रिय पुस्तक बिक्रेता तथा प्रकाशक संघका अध्यक्ष श्री बसन्त थापाले कार्यक्रम सञ्चालन गर्न सहकार्य गरेकोमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयलाई धन्यवाद दिनु भयो र प्रतिलिपि अधिकार सम्बन्धी सचेतना बढाउन पनि संघले आगामी दिनमा सँगसँगै कार्य गर्ने प्रतिबद्धता प्रकट गर्नु भयो । उहाँले प्रतिलिपि अधिकार व्यवस्थापन सम्बन्धी Reprography Society गठन गर्न पनि आगामी दिनमा पहल गर्ने जानकारी दिनु हुँदै पुस्तक व्यवसाय विस्तार र पठन संस्कृति विकास गर्न हरेक गाउँमा एउटा पुस्तकालय स्थापन गर्ने अभियान सञ्चालन गर्न पनि माग गर्नु भयो ।

पृष्ठ १ को बाँकी

त्यसै गरी कार्यक्रममा बोल्दै Mrs. Gao Hang ले विश्व बौद्धिक सम्पत्ति संगठनले विश्व भरी नै बौद्धिक सम्पत्तिको संरक्षण, सम्बर्द्धन, विकास र उपयोग सम्बन्धमा विभिन्न क्रियाकलापहरू गरिरहेको बताउँदै नेपालमा पनि क्रमशः यस क्षेत्रमा चासो बढिरहेको देख्दा खुशी लागेको बताउनु भएको थियो। विगतमा जस्तै आउँदा दिनहरूमा पनि नेपाललाई सहयोग गर्ने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नु भएको थियो ।

जापान प्रतिलिपि अधिकार कार्यालय (JCO) का Deputy Director Mr. Satoshi Tsuzuki ले नेपालको प्रतिलिपि अधिकार व्यवस्थाको लागि विश्व बौद्धिक सम्पत्ति संगठन मार्फत जापान प्रतिलिपि अधिकार कार्यालयले सहयोग गर्दै आएको बताउँदै नेपालमा भएका प्रतिलिपि अधिकार सम्बन्धी तालीम, गोष्ठी, अध्ययन भ्रमण लगायत विभिन्न प्रबर्द्धनात्मक कामहरूका लागि Japan Fund in Trust को उपयोग प्रभावकारी रूपमा भएको पाउँदा खुशी समेत व्यक्त गर्नु भएको थियो। यस पटकको नेपाल भ्रमणका क्रममा विगतमा गरिएका सहयोग कार्यक्रमहरूको प्रभाव मूल्यांकन गर्ने उद्देश्य पनि रहेको Mr. Satoshi Tsuzuki ले बताउनु भयो ।

सो कार्यशालाको कार्यक्रम सत्रमा रजिष्ट्रार श्री बिसु कुमार के.सी., प्रा.डा. बलबहादुर मुखिया र Mrs. Gao Hang ले आ-आफ्नो कार्यपत्रहरू प्रस्तुत गर्नु भएको थियो । कार्यक्रमको अन्त्यमा सहभागीहरूबाट प्राप्त जिज्ञासामाथि छलफल भएको थियो ।

## संगीत उत्पादक समाज गठन

प्रतिलिपि अधिकारको व्यवस्थापन गर्ने अर्को एक रोयल्टी संकलन संस्था गठन भै कार्यालयमा दर्ता भएको छ। संगीत उत्पादक समाज नामक यस संस्थाको तदर्थ समितिको संयोजकमा श्री भगवान कुमार श्रेष्ठ हुनु हुन्छ। संस्थाका ६१ जना साधारण सदस्यहरू सहित संस्था दर्ताको लागि आवेदन परेको थियो । प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारहरू मध्ये ध्वनिअंकन उत्पादकहरूको अधिकार प्रयोग सम्बन्धमा यस संस्थाले काम गर्नेछ। मूलतः ध्वनिअंकन उत्पादकहरूबाट अख्तियारी लिएर ती ध्वनि उत्पादनहरू प्रयोग गर्न अनुमति प्रदान गर्ने र सो वापत प्राप्त हुने रोयल्टी आफ्ना सदस्यहरूलाई वितरण गर्ने मूलभूत जिम्मेवारी संगीत उत्पादक समाजले निर्वाह गर्नेछ ।

सम्पादकीय लेख

# पाइरेसी नियन्त्रण इकाईको आवश्यकता

प्रतिलिपि अधिकार सम्बन्धी कानूनले सिर्जनात्मक काम गर्न प्रोत्साहित गर्दछ । किनकी यसले सिर्जनात्मक काम उपर सीमित अवधिको लागि स्रष्टा वा प्रतिलिपि अधिकार धनीको अधिकारको प्रत्याभूति गरेको हुन्छ । प्रतिलिपि अधिकार धनीको स्वीकृति विना कुनै पनि रचनात्मक लेखनी, गीत संगीत, कला कृति, चलचित्र, कम्प्युटर सफ्टवेयर आदिको प्रति पुनःउत्पादन गर्न, सार्वजनिक गर्न, सञ्चार गर्न, प्रकाशन, प्रसारण वा प्रदर्शन गर्न पाइदैन । यसै गरेर यस्ता रचनाहरूको अनुवाद वा संरचना परिवर्तन गर्न र डिजिटल प्रविधिका माध्यममा समेत Upload/Download गर्न हुँदैन ।

यदि गरेमा प्रतिलिपि अधिकारको उल्लंघन गरेको ठहरिन्छ । प्रतिलिपि अधिकारको उल्लंघन गरेर प्रतिलिपि उत्पादन एवं सार्वजनिक प्रयोग, बिक्री वितरण आदि गर्ने कामलाई चलन चल्तीमा पाइरेसी गरेको भनिन्छ । यस किसिमको काम एक अपराध हो । प्रतिलिपि अधिकार ऐन, २०५९ ले 'पाइरेसी' गर्ने कामलाई फौजदारी अपराध मानेको छ । यस किसिमको अपराध गर्ने उपर प्रहरी अधिकृतले अनुसन्धान तहकिकात गरेर मुद्दा चलाउने व्यवस्था छ । शंकास्पद ठाउँमा छापा मारेर माल वस्तु नियन्त्रणमा लिन सक्ने अधिकार पनि कानूनले प्रदान गरेको छ । प्रतिलिपि अधिकार धनीले पनि आफ्नो रचनाको प्रतिलिपि अधिकार हनन गर्ने उपर प्रहरीमा जाहेरी दिनु पर्दछ ।


प्रतिलिपि अधिकार उल्लंघन गर्नेलाई जरिवाना र कैद सजाय हुने मात्र नभएर कसूरसँग सम्बन्धित माल वस्तु जफत हुने र यस्तो कार्यबाट प्रतिलिपि अधिकार धनीलाई पुगेको क्षतिको क्षतिपूर्ति भराई पाउने समेत कानूनी व्यवस्था छ ।

कानूनी र प्रशासनिक व्यवस्था यस्तो हुँदा हुँदै पनि प्रतिलिपि अधिकार उल्लंघनका कार्यहरू आम रूपमा भइरहेको गुनासो प्रशस्त सुनिन्छ/देखिन्छ । स्रष्टा सर्जक, प्रतिलिपि अधिकार धनीहरू पाइरेसी नियन्त्रण भएन भन्दछन् भने कानून कार्यान्वयन गर्ने निकायहरूमा उजुरी नै आएका छैनन् भन्ने वाद प्रतिवाद सुनिन्छ । एकातिर आम जनसमुदाय, स्रष्टा सर्जक र कानून कार्यान्वयन गर्ने निकायहरूमा प्रतिलिपि अधिकार बारे जानकारी, ज्ञान, सीप र क्षमताको कमी छ भने ऐन कार्यान्वयन गर्ने मुख्य जिम्मेवार निकाय प्रहरीमा कार्यबोझ पनि बढ्दा नै छ । प्रतिलिपि अधिकार उल्लंघन गरेर हुने कामहरूबाट कला, साहित्य र संस्कृति क्षेत्रमा मात्र नभएर देशको आर्थिक र प्राविधिक क्षेत्रमा पनि कति गम्भीर असर पर्दछ भन्ने बारेमा विश्लेषण हुन नसकेर पनि यो कार्यमा सबै क्षेत्र गम्भीर हुन नसकेको हो कि भन्ने पनि महशुस हुन थालेको छ ।

मूलतः सचेतना बढाउने, ज्ञान सीप प्रदान गर्ने हाल भइरहेको कार्य प्रयाप्त छैनन् । यसका लागि थप साधन स्रोत छुट्याउन मात्र होइन सबै सरोकारवाला निकायहरू अग्रसर हुन आवश्यक छ । पाइरेसी नियन्त्रण गर्न साच्ची नै लागि पर्ने हो भने प्रहरी संयन्त्रलाई विशेष रूपमा क्रियाशील बनाउन आवश्यक देखिन्छ । यसका लागि हाल प्रहरीहरूलाई तालीम दिने र हरेक जिल्लामा एक जना अधिकृतलाई प्रतिलिपि अधिकार नोडल अधिकृत तोक्ने काम भएको पनि हो । यो पनि पाइरेसी नियन्त्रण गर्न असरदार नभएको अनुभव हुँदैछ । यसैले अन्य विशेष खालका र जटिल प्रकृतिका अपराध नियन्त्रणका लागि गठन गरिए जस्तै प्रहरी संगठनमा एक 'पाइरेसी नियन्त्रण इकाई' नै गठन गरेर अभियान चालेमा मात्र पाइरेसी नियन्त्रण हुन्थ्यो की ? अन्य मुलुकमा पनि यस्तो अभ्यास भएको पाइन्छ । यसका लागि पनि स्रष्टा, सर्जक, प्रतिलिपि अधिकार धनीहरू र सम्बन्धित संघ संस्थाहरू नै अग्रसर, जागरुक र क्रियाशील नभै त केही पनि हुन सक्ने स्थिति देखिंदैन । यसै गरी पाइरेसी नियन्त्रण ईकाई गठन गरेर मात्र त हुँदैन । यसमा पर्याप्त जनशक्ति खटाइनु पर्दछ । यसै गरेर आवश्यक ज्ञान सीपका साथै साधन स्रोत पनि उपलब्ध गराउन आवश्यक छ ।

**बिसु कुमार के.सी.**
रजिष्ट्रार

## २०६९ असार ३१ सम्मको रचना दर्ता




जम्मा रचना दर्ता: १०९२

## सिर्जना दर्ताका लागि आवश्यक सामग्रीहरू

१. रचना एवं सिर्जना प्रति -२
२. नागरिकताको प्रतिलिपि प्रति -१
३. सम्बन्धित स्रष्टाको तस्वीर (PP Size Photo) प्रति -२
४. निवेदन फारामसाथ रू. १०/-को टिकट प्रति -१
५. दर्ता शुल्क रू. १००/- (प्रत्येक रचनाको लागि)
६. ध्वनिअंकन उत्पादन दर्ताको लागि सम्बन्धित गीतकार, संगीकार र गायक/गायिकाहरूसंगको लिखित सम्झौताको प्रतिलिपिहरू समेत संगलग्न गर्नु पर्नेछ ।

**Nepal Copyright Registrar's Office**
Kalikasthan, Kathmandu, Nepal
Tel: 977-1-4431155, 4443750
Fax: 977-1-4431144, PO Box: 430
E-mail: info@nepalcopyright.gov.np
Web Page: www.nepalcopyright.gov.np

प्रतिलिपि अधिकार बुलेटिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट निःशुल्क वितरण गरिन्छ । यस बुलेटिनका सम्बन्धमा यदि तपाईको कुनै जिज्ञासा वा सुझाव छ भने हामीलाई यस ठेगानामा सम्पर्क गर्न नबिर्सनु होला ।

Mail to:

All Photos by NCRO, © सर्वाधिकार : नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा सुरक्षित । प्रिन्टिङ्ग :